पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, चैत्र २७ गते, २०८२ साल (संख्या १८

## भाग १

## पोखरा महानगरपालिका

## पोखरा प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना**: पोखरा प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ (पहिलो संशोधन समेत) मा समसामयिक सुधार गर्न वाञ्छनीय भएकोले, नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "पोखरा प्रज्ञा प्रतिष्ठान (दोस्रो संशोधन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **पोखरा प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ को दफा ७ को उपदफा २ को खण्ड (घ) मा शंसोधन :** पोखरा प्रज्ञा प्रतिष्ठान (दोस्रो संशोधन सहित) ऐन, २०७६ (यस पछि मूल ऐन भनिएको) को दफा ७ को उपदफा २ को (ग) "प्रमुख प्रशासकीय अधिकृत, पोखरा महानगरपालिका-सदस्य" भन्ने शब्द हटाइएको छ। खण्ड (घ) मा ...कम्तिमा पछि "दुई जना महिला सहित कार्यापालिकाले तोकेको दश जना-सदस्य" भन्ने शब्दहरु झिकिएका छन् र ...कम्तिमा पछि "पाँच जना महिला सहित प्रमुखले मनोनित गरेको सत्र जना" भन्ने शब्दहरु राखिएका छन।

खण्ड "(ङ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत" भन्ने शब्द रहेकोमा खण्ड (ङ) मा "सदस्य सचिव सिफारिस भएका स्रष्टाहरु मध्येबाट कुलपतिले तोक्ने छ" भन्ने शब्दहरु राखिएका छन । उपदफा (४) पदावधि पछि..."तीन" शब्दको सट्टा "चार" कायम गरिएको छ।

३. **मूल ऐनको दफा ८ मा संशोधन :** मुल ऐनको उपदफा १ को खण्ड (क) "उपप्रमुख महानगर पालिका" भन्ने शब्दाको सट्टामा "उपप्रमुख संयोजक" भन्ने शब्दहरु राखिएका छन।

४. **मूल ऐनको दफा ११ मा संशोधन :** (१) मूल ऐनको उपदफा (२) खण्ड (ग) को ...कम्तिमा पछि "एक" भन्ने शब्दको सट्टामा ...कम्तिमा पछि "दुई" भन्ने वाक्यांश राखिएको छ । त्यसपछि ...प्रमुखले तोकेको पछि "दुईजना" भन्ने शब्दहरुको सट्टामा प्रमुखले तोकेको पछि "चार जना" भन्ने शब्दहरु राखिएका छन।

५. **मूल ऐनको दफा २१ मा संशोधन :** दफा २१ को "पदिधकारीसम्बन्धी व्यवस्थाः" भन्ने शब्दको सट्टामा "पदिधकारीको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी व्यवस्थाः" भन्ने शब्दहरु राखिएका छन । उपदफा (१) "पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ" भन्ने शब्दहरु झिकी "कुलपति, उपकुलपति र सदस्य सचिव तथा प्रज्ञा सभा र प्रज्ञा परिषद् सदस्यको पारिश्रमिक तथा सेवा सुविधा देहाय बमोजिम हुनेछ ।" भन्ने वाक्यांश राखिएका छन । र उपदफा (१) पछि उपदफा (२) (३) (४) (५) (६) थप गरी (२) कुलपतिको पारिश्रमिक मासिक स्थानीय प्रशासन सेवाको अधिकृत आठौं तहको कर्मचारीको शुरु तलबस्केल बराबर हुनेछ (३) उपकुलपतिको सेवा सुविधा महानगर पालिकाले तोके बमोजिम हुनेछ। (४) सदस्य सचिवको सेवा सुविधा मासिक स्थानीय प्रशासन सेवाको अधिकृत छैठौं तहको कर्मचारीको शुरु तलब स्केल बराबर हुनेछ (५) प्रज्ञा सभा र प्रज्ञा परिषद् सदस्य तथा अन्य पदाधिकारीहरुले बैठकमा उपस्थित भए वापत नगर कार्यापालिका सदस्यले पाए सरहको बैठक भत्ता पाउनेछन्। (६) अन्य सेवा सुविधाहरुको हकमा महानगरपालिकाले तोके बमोजिम हुनेछ। भन्ने राखी उपदफा कायम गरिएको छ।

६. **मूल ऐनको दफा २३ मा संशोधन :** उपदफा (१) मूल ऐनको उपदफा (१)...दिएमा पछि "...कार्यपालिका सदस्यहरुमध्येबाट एक..." भन्ने शब्दलाई झिकी "...प्रज्ञा परिषद्ले तीन सदस्य..." भन्ने शब्द राखिएको छ। उपदफा (२) ....प्रतिवेदन पछि रहेको "महानगर प्रमुख" भन्ने शब्दको सट्टामा "प्रमुख संरक्षक" भन्ने शब्द पछि रहेको (र) भन्ने अक्षरको सट्टामा पूर्णविराम (।) "महानगर प्रमुखले" भन्ने शब्दको सट्टामा "प्रमुख संरक्षकले" त्यस पछि ...लागि पछि "सभा" को सट्टामा "प्रज्ञा परिषद्" भन्ने शब्द राखिएको छ। त्यसैगरी उपदफा (३) मा ...सम्बन्धमा पछि रहेको "सभामा" भन्ने शब्दको सट्टामा "परिषदमा" भन्ने शब्द र ...हुँदा पछि "सभाका" भन्ने शब्दको सट्टामा "परिषद्का" भन्ने शब्द राखिएको छ।

७. **मूल ऐनको दफा २५ मा संशोधन :** मूल ऐनको उपदफा (२) को खण्ड (क)...रकम, पछि

"उक्त रकम सोझै प्रतिष्ठानको खातामा जम्मा गरिनेछ । र प्रज्ञा प्रतिष्ठानको खर्च केन्द्र महानगरपालिकाले तोके बमोजिम हुनेछ" भन्ने शब्द थप गरिएको छ।

८. **मूल ऐनको दफा २७ मा संशोधन :** (१) मूल ऐनको उपदफा (१) ...राष्ट्रिय पछि "एवं अन्तराष्ट्रिय क्षेत्रमा" भन्ने शब्दलाई झिकी "स्तरमा" भन्ने शब्द राखिएको छ। त्यसैगरी ...बढाउने भन्ने शब्द पछि "स्वदेशी वा विदेशी व्यक्ति" भन्ने शब्दको सट्टामा "महानगर वासी" भन्ने शब्द राखिएको छ। र उपदफा (५) "पोखरा प्रज्ञासभाले मानार्थ सदस्य र आजीवन सदस्यलाई तोकिएको अवस्थामा सदस्यताबाट हटाउन सक्नेछ।" ✂ भन्ने शब्दहरु खारेज गरिएको छ।

११. **संशोधन गर्न सक्ने:** यस कार्यविधिलाई नगर कार्यपालिका आवश्यक संशोधन गर्न सक्नेछ।

**प्रमाणिकरण मिति**

२०८२।१२।२७

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**